# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०५।३१ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

पोखरा महानगरपालिका, वडा नं. ३२ स्थित शहरी स्वास्थ्य केन्द्र, मालेपाटनमा विगत २०६८ सालदेखि करारमा कार्यरत कर्मचारी शोभा उप्रेतीको एस.एल.सी.को शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली भएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा निज शोभा उप्रेतीले झुट्टा तथा नक्कली एस.एल.सी. तहको शैक्षिक योग्यताको प्रमाण-पत्र साविक शहरी स्वास्थ्य केन्द्र मालेपाटन, हाल पोखरा महानगरपालिकामा पेश गरी चौथो तहको अहेव पदमा नियुक्ति लिई २०६८ सालदेखि २०७८ सालसम्म कार्यरत रही ओहदा, लाभ र सुविधा समेत प्राप्त गरेकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा दफा २९ को उपदफा (२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा दफा २९ को उपदफा (२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे